नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-
चलानी नं.:- ३२३

मिति: २०७७/११/०४

विषयः-**वैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयन गर्ने सम्बन्धमा।**

वन तथा वातावरण मन्त्रालय
द.नं.: ........ मिति: ........
फा.द.नं.: ........ मिति: ........
समय: ........

श्री वन तथा वातावरण मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं ।

तपशील अनुसारको अध्ययन/तालिम कार्यक्रममा तहाँ मन्त्रालय वा मन्त्रालय अन्तर्गतबाट मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४० ख (३) बमोजिम गठित समितिको मिति २०७७/११/०४ गते बसेको बैठकबाट निर्णय भएकोले उक्त कार्यक्रममा उपयुक्त उम्मेद्वार मनोनयन गरी **मनोनित कर्मचारीको नाम, सम्पर्क नं. र ईमेल ठेगाना** आवश्यक कार्यार्थ अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनुहुन तथा मनोनयन गरिएको **कर्मचारीको संकेत नं. समेत उल्लेख गरी सोको जानकारी यस मन्त्रालयमा समेत अनिवार्य** रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै, तालिम तथा अध्ययन कार्यक्रममा उम्मेद्वार मनोनयन गर्दा कार्यक्रमसँग असम्बन्धित व्यक्तिको मनोनयन भई सम्बन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनी निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

**छात्रवृत्तिको मनोनयनमा सम्बन्धित सेवा, समूह र श्रेणीभित्रका समावेशी महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका आधारमा साथै योग्यता पुगेका सहायक स्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।**

तपशील:

| क. सं. | अध्ययन/तालीम/ अध्ययन भ्रमण सेमिनारको विषय | सिट संख्या | कार्यक्रमको फारम भर्ने अन्तिम मिति | अवसर प्रदान गर्ने निकायकार्यक्रम / संचालन हुने मुलुक | आवश्यक योग्यताअन्य प्रासंगिक / व्यहोरा | अध्ययन/तालीम वितरण गरिएकानिकाय/ निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| १. | "Response to climate change" long term course | 4(Four) | 19 March, 2021 | Korea/Hallym University | • Be a citizen of the Scholarship Program target country.<br>• Be officially nominated by their government.<br>• Be under age of 40 as of February 1,2021<br>• Good Health.<br>• Have completed bachelor degree or an equivalent.<br>• Competence in English.<br>• For Further detail www.koica.go.kr/ciat/index.do | श्री वन तथा वातावरण मन्त्रालयले उपयुक्त निजामती कर्मचारी मनोनयन गर्ने । |

२०७७/११/०४
(राजन थापा)
शाखा अधिकृत